# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चोयगा, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

प.स. ०७७/७८

च.नं.

**छत्रकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको अपिल।**

**विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) संक्रमणको दर बढ्दै गइरहेकोले आर्थिक, सामाजिक, मानसिक, भौतिक क्षती राष्ट्रले बेहोर्नु परेको अवस्था विद्यमान छ। भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरु आ-आफ्नो रणनीतिक योजना अनुसार संक्रमण रोकथामको कार्य गरिरहेको यहाहरु सबैलाई विदितै छ। यसै सन्दर्भमा नेपालीहरुको महान चाड बिजया दशमी, शुभ दिपावली, नेपाल सम्वत्, छठ लगायतका पर्वहरुको पावन अवसरमा यहाँहरुको सुख, शान्ति, सु-स्वास्थ्य र दिर्घायुको कामना गर्दछौं। यस समयमा मानिसहरुको आवतजावत र चहलपहल बढ्न गई संक्रमण थप फैलन सक्ने भएको हुँदा कोभिड १९ को संक्रमण रोकथाम र नियन्त्रणको लागि स्वास्थ्य सुरक्षा सर्तकता अपनाई सुरक्षित रहनको लागि निम्नानुसार गर्नु गराउनु हुन सम्पुर्ण पालिकाबासीहरुमा अपिल गर्दछौ।**

**तपसिल**

१. नेपालीहरुको महान चाड दशैंको समयमा मन्दिरहरुमा नित्य पूजाआजा बाहेक मानिसहरुको भिडभाड भई गरिने अन्य सबै किसिमका धार्मिक कार्यहरु, परम्परागत सरायँ नाच लगायतका भेला, जात्रा, खेलकुद, मनोरञ्जात्मक कार्यक्रम, गोष्ठी, अनावश्यक जमघट र भेटघाट जस्ता कार्यक्रमहरु नगर्ने/ नगराउने।

२. दशैंको टिका आफ्नो परिवारका सदस्यहरु बीचमा मात्र लगाउने समुहमा वा धेरै ठाउँमा घुमफिर गरी नलगाउने साथै स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरी चाडपर्व मनाउने, प्रत्येक व्यक्तिले आफ्नो कारणबाट अरुमा रोग संक्रमित हुनु हुदैन भन्ने कुरामा विशेष सतर्कता अपनाउने।

२. चाडपर्वको समयमा बजार क्षेत्रमा मानिसहरुको आवत - जावत, चहल - पहल बढ्ने भएकोले व्यवसायी र उपभोक्ता/ ग्राहक लगायत सबैले २ मिटरको भौतिक दुरी कायम गर्ने, अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, साबुन पानीले नियमित हात धुने, स्यानिटाइजरको प्रयोग गर्ने, सरसफाइमा विशेष ध्यान दिने लगायतका स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य रुपमा पालन गर्ने।

३. व्यापार व्यवसाय संचालन गर्दा आम नागरिकहरुलाई गुणस्तरीय खाद्य पदार्थ बेचबिखन गर्ने, कालोबजारी नगर्ने, म्याद गुज्रेका सामग्रीहरुको बेचबिखन नगर्ने, पसलमा मूल्य सूची राखी स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई सामाजिक दुरी कायम गरेर मात्र व्यवसाय संचालन गर्ने।

४. यात्रुवाहक सवारी साधनहरुले "कोभिड- १९ प्रकोपको अवधिभर सार्वजनिक यातायात सञ्चालन निर्देशिका, २०७७" बमोजिम स्वास्थ्य र सुरक्षा मापदण्डको पालना गर्ने। यात्रु र सवारी संचालकहरु विशेष सतर्कताका साथ यात्रा गर्ने।

५. PCR परीक्षणको लागि स्वाब दिएका व्यक्तिहरु अनिवार्य home isolated भएर बस्ने समुदायमा ननिस्कने, स्वास्थ्य कर्मीको सम्पर्कमा रहने।

६. यस सूचना बमोजिम स्वास्थ्य सुरक्षा मापदण्ड पालना भए नभएको अनुगमन गरिनेछ र यस सूचनाको विपरित भए गरेको पाइएमा संक्रामक रोग ऐन, २०२० बमोजिम कारबाही गरिनेछ।

मधुकृष्ण पन्त

मधु कृष्ण पन्त
अध्यक्ष

फोन नं - ९८५७०६११०८ । ईमेल - info@chhatrakotmun.gov.np | Website: www.chhatrakotmun.gov.np